***Humanities and Social Sciences Journal,*** Volume 13, Number 2, 2022, pp. 184–196

# नेपाली भाषाको प्रयोजनपरक भेद

**डा. यज्ञेश्वर निरौला***

## सारसङ्क्षेप

नेपाली भाषाका प्रायः सबै वक्ताले सामान्य बोलचाल र लेखपढका काममा प्रयोगमा ल्याउने नेपाली भाषाको भेद नै सामान्य नेपाली हो तर ज्ञानविज्ञान र प्रविधिका साथै सञ्चार, कानुन, साहित्य, दर्शन, राजनीति, कृषि, प्रशासन, व्यापार वाणिज्य आदि नेपाली भाषाका विशिष्ट क्षेत्रमा प्रयोग गरिने भाषिक भेदलाई प्रयोजनपरक नेपाली भनिन्छ । विषयगत रूपमा प्रयोग हुने प्राविधिक तथा पारिभाषिक शब्द शब्दावली, वाक्य गठन, प्रस्तुतिको शैली आदिबाट भाषाका भेद छुट्टिँदै जाने क्रममा भाषाका प्रयोजनपरक भेदको जन्म हुन्छ । मानिसले जीविकोपार्जनका निम्ति गर्नुपर्ने कुनै न कुनै कामका आधारमा समाजमा बसोबास गर्ने सबै मानिसहरूको कार्य क्षेत्र एकै खालको हुँदैन । भिन्न भिन्न कार्यक्षेत्रका व्यक्तिहरूले प्रयोग गर्ने भाषाको प्रयोजनअनुसार शैलीमा फरक हुने गर्दछ । प्रस्तुत अनुसन्धानात्मक लेखमा नेपाली भाषामा केकस्ता प्रयोजनपरक भेद रहेका छन् भन्ने बारेमा चर्चा गरिएको छ । यस क्रममा प्रयोजनपरक भाषिक भेदको सैद्धान्तिक ढाँचा प्रस्तुत गर्दै नेपाली भाषामा पाइने प्रयोजनपरक भेदको परिचय दिई विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । यही उद्देश्य प्राप्तिका लागि पुस्तकालय पद्धतिबाट सङ्कलन गरिएको सामग्रीलाई विश्लेषण गरी यस लेखमा नेपाली भाषामा रहेका प्रयोजनपरक भेदहरूको निरूपण गरिएको छ ।

*शब्दकुञ्जी :* औपचारिक भाषा, प्रयुक्ति, प्रयोक्ता, भाषिका, भूमण्डलीकरण, शैलिका ।

## परिचय

स्वरूप र कार्य गरी भाषाका दुई पक्ष मध्ये पूर्ण प्रतीकात्मक क्रियाकलापबाट प्रतिफलित आन्तरिक संरचनासहितको अवस्था स्वरूप हो भने भाषालाई सामाजिक वास्तविकताका रूपमा स्वीकार गरी वाग्व्यवहारको परिस्थिति र सामाजिक परिस्थिति बिचको सम्बन्ध भाषाको कार्य हो (दाहाल, २०६१, पृ.२१५) । भाषाको स्वरूप अध्ययन गर्ने शास्त्र वर्णनात्मक भाषाविज्ञान हो भने भाषाको प्रकार्यलाई अध्ययन गर्ने शास्त्रलाई प्रयोजनपरक वा सन्दर्भपरक भाषाविज्ञान भनिन्छ। यसलाई संस्थागत, प्रकार्यपरक, व्यवहारमूलक, समाजपरक आदि नाम दिइएको पाइन्छ । वास्तविक व्यवहारमा अनेक भेदमा प्रकट हुने भाषिक रूपलाई सन्दर्भपरक दृष्टिकोणबाट विश्लेषण गरिन्छ । कुनै भाषिक समुदायका सदस्यहरूका बिच भाषिक आवश्यकता परिपूर्तिका निम्ति प्रयोग गरिने सामाजिक कार्य भएको हुँदा भाषा सामाजिक परिस्थितिबाट बाँधिएको हुन्छ । त्यसैले भाषा र सामाजिक बनोटका बिच नियमित र व्यवस्थित सम्बन्ध रहेको हुन्छ । प्रत्येक भाषिक कथन कुनै सन्दर्भमा मात्र व्यक्त हुने हुनाले कथनै कथन मिलेर बनेको भाषा सामाजिक सन्दर्भअनुसार विभिन्न भेदमा अभिव्यक्त हुन्छ । कसले कससँग कुन उद्देश्यका निम्ति कुन

* सहप्राध्यापक, नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।

शैलीमा भाषिक प्रयोग गरेको हुन्छ भन्ने सन्दर्भबाट भाषाको समाजसापेक्षता प्रस्ट हुने फिसमेन (सन् १९७१) ले उल्लेख गरेका छन् । प्रयोजनपरक भाषाका विभिन्न आयाम र शैली हुन्छन् । हालिडे (सन् १९७८) ले प्रयोजनपरक भेदका तीन आयाम उल्लेख गरेका छन् । मर्टिन जुस (सन् १९६१) ले अङ्ग्रेजी भाषाका पाँचओटा शैली रहेको उल्लेख गरेका छन् । प्रयोजनपरक नेपाली भाषाका के कति शैली छन् भनेर अनुसन्धान हुन बाँकी नै छ त्यसर्थ भाषाका प्रयोजनपरक भेदको सैद्धान्तिक विमर्श, यस क्षेत्रका विविध आयाम तथा शैलीको चर्चा गर्दै नेपाली भाषामा रहेका प्रयोजनपरक भेदहरूलाई निरूपण गर्नु र यसका विशेषताहरूकोसमेत चर्चा गर्नु यस अनुसन्धानमूलक लेखको उद्देश्य रहेको छ ।

## अध्ययन विधि

गुणात्मक ढाँचामा अध्ययन भएको हुनाले यस लेखमा भाषाको प्रयोजनपरक भेदको सैद्धान्तिक विमर्श र नेपाली भाषामा रहेका प्रयोजनपरक भेद प्रस्तुत गरिएका छन् । लेख तयार पार्ने क्रममा भाषाको प्रयोजनपरक भेदसम्बन्धी सिद्धान्तलाई आधार बनाई  नेपाली भाषाका सन्दर्भमा लेखिएका पुस्तकलाई सूचकका रूपमा लिइएको छ र यसका लागि सम्भावनारहित नमुना छनोट पद्धतिअन्तर्गतको उद्देश्यमूलक नमुना छनोट गरी त्यसै नमुना तथ्यका आधारमा नेपाली भाषामा रहेका प्रयोजनपरक भेदलाई विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा प्राथमिक सामग्रीका रूपमा नेपाली भाषाका प्रयोक्ताले प्रयोजनपरक भेदका रूपमा व्यापार व्यवसाय आदि विभिन्न क्षेत्रमा प्रयोग गर्ने नेपाली भाषालाई उपयोग गरिएको छ र द्वितीयक सामग्रीका रूपमा यसै विषयवस्तुसँग सम्बन्धित पुस्तक, लेखरचना, जनबोली आदिलाई उपयोग गरिएको छ । नेपाली भाषालाई प्रयोजनपरकताका रूपमा विकास गर्नुपर्ने तथ्यात्मक आधारलाईसमेत तथ्य मानेर पुस्तकालयीय कार्यबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

सामग्री विश्लेषणका लागि विशेष गरी जर्ज युले (सन् १९९६), आर. ए. हड्सन (सन् १९९९), हेमाङ्गराज अधिकारी (२०६२) र जेनेट होल्म्स (सन् २०१३) को प्रयोजनपरक भाषा सम्बन्धी अवधारणालाई उपयोग गरिएको छ । प्राप्त तथ्यलाई विश्लेषण र त्यसको पुष्टिका निम्ति उदाहरणसमेत दिएर तिनको समीक्षात्मक विश्लेषण गरी निष्कर्षमा पुगिएको हुँदा यस लेखमा विश्लेषणको आगमनात्मक विधि प्रयोग गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

भाषाको प्रयोजनपरक भेदलाई जार्गन पनि भन्ने गरिन्छ (होल्म्स, सन् २०१३, पृ. २५९) । कुनै प्रकार्यको निश्चित क्षेत्रमा प्रयोग गरिने भाषाको विशिष्ट भेद जनाउन प्रयोग गरिने पारिभाषिक शब्द नै जार्गन हो (मुर्रे, सन् २०१२, पृ. १४७) । सामान्यतया जार्गन कुनै विषय क्षेत्रको प्रयोजनका लागि प्रयोग गरिने भएकाले सम्बन्धित विषय क्षेत्रभन्दा बाहिर यो अबोध्य नै रहन्छ । कुनै विशेष व्यवसाय, व्यापार, शिक्षा, प्रशासन, कानुन, साहित्य, इतिहास, भूगोल, संस्कृति, भाषा, विज्ञान तथा प्रविधि आदि औपचारिक क्षेत्रमा प्रयोग गरिने भाषाको विशेष प्रकार प्रयोजनपरक भेद हो । कहिलेकाहीँ अनौपचारिक प्रयोजनका निम्ति बोलिने भाषा पनि प्रयोजनपरक भाषिक भेदकै रूपमा लिने गरिन्छ (पोल्स्कया, सन् २०११, पृ. ५१९) । व्यावसायिक अस्तित्व र क्षमता विकासका सिलसिलामा व्यावसायिक प्रकार्यका निम्ति प्रयोग गरिने भाषिका स्वरूप नै वास्तवमा जार्गन हो । यसलाई भाषाको प्रयोजनपरक भेद अर्थात् प्रकार्यपरक भेद पनि भन्ने गरिन्छ ।

भाषाका प्रयोजनपरक भेदका धेरै उदाहरण दिन सकिन्छ । वेद, गीता, वास्तुशास्त्र, चुनाव, व्यापार, औषध तथा रसायन, कम्प्युटर, ठुला व्यावसायिक महल, खेलकुद, अर्थशास्त्र, वित्तशास्त्र, राजनीतिशास्त्र, गणित, चिकित्सा, पोषण, साहित्य, भाषा आदि धेरै क्षेत्रमा प्रयोगमा आउने विशिष्ट शब्दावली तथा भाषिक शैलीसहितको भेद नै प्रयोजनपरकता हो ।

ट्रडजिल (सन् १९९२) ले औपचारिक दृष्टिकोणबाट हेरी भाषाको प्रयोजनपरकता भाषिक विविधताको एउटा महत्त्वपूर्ण पाटो मानेका छन् । यो भाषाको औपचारिक शैली पनि हो । यसले भाषाको शैलीगत भेदलाई समेट्दछ । विषय र क्षेत्रपिच्छे भाषिक प्रयोगका आफ्नै शैली हुन्छन् । आआफ्नै विषय क्षेत्रका प्राविधिक पारिभाषिक शब्दावली प्रयोगमा आउँछन् । लेख्य तथा पाठ्य भाषामा मात्र होइन कथ्य तथा श्रव्य भाषामा पनि प्रयोजनपरक तथा शैलीगत भेद देखापरेका छन् । प्रयोजनपरकता भाषिक प्रयुक्तिको सीमित अभिव्यक्ति हो । यसले निश्चित विषयभन्दा बाहिर गएर कुरा नगरे तापनि अहिलेको बहुविषयात्मक क्षेत्रमा प्रयोग गरिने भाषामा प्रयोजनपरकताले व्यापक प्रयुक्ति पाइन्छ । मार्टिन जुस (सन् १९६१) ले कथ्य अङ्ग्रेजीका पाँचओटा शैलीगत भेद प्रस्तुत गरेका छन्– निश्चल, औपचारिक, सरसल्लाह, अपर्भ्कट र मित्रभाव ।

निश्चल : यो भाषिक प्रयुक्तिको स्थिरता हो । वेदका ऋचा, गीताका श्लोक, धर्मशास्त्र, वास्तुशास्त्र आदिको भाष यसअन्तर्गत पर्छ । यो कहिल्यै परिवर्तन नहुने भाषिक प्रयुक्ति हो ।

औपचारिक : एकतर्फी सहभागिताबाट प्रयोग गरिने विषयको प्रस्तुति, विषयगत शब्दभण्डार आदि यसअन्तर्गत पर्ने भाषिक प्रयुक्ति हुन् । यसअन्तर्गत विषयगत रूपमा विभिन्न प्राविधिक पारिभाषिक शब्दवली प्रयोगमा आउँछन् ।

सरसल्लाह : कुनै सूचनाको पृष्ठभूमिसहित दोहोरो सहभागिता यसअन्तर्गत पर्दछन् । वक्ता वा प्रयोक्ता र श्रोताका बिच यस प्रकारको भाषिक गतिविधि हुन्छ । 'ए हो ?', 'हो हो', 'अँ हो र !', आदि सबैले प्रयोग गर्ने लवज तथा शब्दावली, पदावली यसका प्रयुक्ति हुन् । शिक्षक तथा विद्यार्थी, डाक्टर तथा बिरामी, विज्ञ तथा सिकारू बिचको कुराकानी यसका उदाहरण हुन् ।

अपर्भ्कट : यसमा भाषिक प्रयोगको पृष्ठभूमिको कुनै सूचना दिइँदैन । साथी साथी बिच अचानक भेट हुँदा गरिने कुराकानी, भूकम्प, बाढी, पहिरो, आगलागी, दुर्घटना आदिसँग सम्बन्धित एक व्यक्ति र अर्को व्यक्ति बिच हुने कुराकानी अपर्भ्कट गरिने भाषिक प्रयोगका उदाहरण हुन् ।

मित्रभाव : यो नितान्त व्यक्तिगत हुन्छ । मिल्ने साथी भेट हुँदा उससँग हुने कुराकानी यसको उदाहरण हो । परिवारका सदस्य बिच हुने सरसल्लाह, घनिष्ट मित्रका बिच हुने कुराकानी, प्रेमीप्रेमिका बिचको वार्तालाप आदि यस किसिमका प्रयोजनपरक भाषिक भेदका नमुना हुन् ।

भाषाको प्रयोजनपरक भेद समाज भाषाविज्ञानको एउटा विशिष्ट पक्ष हो । सामाजिक प्रयोजनका लागि भाषिक विविधता बुझाउन कहिलेकाहीँ 'शैलिका' शब्द प्रयोग गरिन्छ (ग्रेगोरी, सन् १९६७) । यस आधारमा भाषिक भेद भाषिका (Dialect) र शैलिका (Diatype) भनी दुई भागमा विभक्त हुन्छन् । वक्ताका अनुसार देखापर्ने भाषिक भेदलाई भाषिका भनिन्छ । प्रयुक्तिका अधारमा देखिने भाषिक भेद चाहिँ शैलिका हो । शैलिका नै भाषाको प्रयोजनपरक भेद चिनाउने प्रमुख आधार हो । तर भाषिका र शैलिका बिचको अन्तर कहिलेकाहीँ अस्पष्ट पनि हुन पुग्छ । कुनै अवस्थामा भाषिका र शैलिका एउटै अर्थमा प्रयोग हुन आइपुग्छन् । सामान्यतया विषयगत क्षेत्र, सहभागी र तिनको सम्बन्ध तथा कथ्य, लेख्य र साङ्केतिक रूपमा भाषिक सञ्चारको अवस्थालाई नै शैलिका भन्ने गरिन्छ ।

भाषाको प्रयोजनपरक भेद प्रयुक्तिका आधारमा निर्क्योल गरिने भाषाको प्रकार हो। यसले प्रयोक्ताका आधारमा छुट्टिएको भाषिक भेद अर्थात् भाषिकासित सम्बन्ध राख्दैन (चेसिरे, सन् १९९२)। एउटै व्यक्तिले आफ्नो अवश्यकताअनुसार फरक अवसर, फरक वातावरण, फरक सन्दर्भ, फरक विषयगत प्रस्तुति र फरक अवस्थामा प्रयोग गर्ने फरक फरक भाषिक भेद नै प्रयोजनपरक भेद हो। भाषिकामा यस प्रकारका फरक भेदको अध्ययन हुँदैन। यसमा त भौगोलिक विविधता तथा जातिगत, वर्गगत, धर्मगत आदि भाषिक विविधताको अध्ययन हुन्छ जसलाई भौगोलिक भाषिका एवम् सामाजिक भाषिका भनिन्छ (हड्सन, सन् १९९६)। भाषिकागत अवधारणाले प्रयोजनपरक अवधारणासँग सम्बन्ध राख्दैन। प्रयोजनपरक भेदको एउटा उदाहरण :


(क) म तपाईँलाई कार्यक्रममा उपस्थितिका निम्ति सूचना गर्दै छु।

(ख) म तपाईँलाई कार्यक्रममा उपस्थितिका निम्ति अवगत गराउन चाहन्छु।

भाषाका प्रयोजनपरक भेदका यस खाले अनगन्ती उदाहरण पाउन सकिन्छ। हड्सन (सन् १९९६, पृ ४६) ले भाषिका र प्रयोजनपरक भाषिक भेदका बिच फरक छुट्याउँदै के भनेका छन् भने- 'तिमी को हौ' ले भाषिकालाई सङ्केत गर्छ र 'तिमी के हौ' ले प्रयोजनपरकतालाई सङक्केत गर्छ। 'तिमी को हौ' ले बसाइ, भूगोल, समाज आदिका आधारमा वक्ताको परिचय दिन्छ र 'तिमी के हौ' ले वक्ताको व्यवसाय, पेसा, तथा विविधखाले गतिविधिको परिचय दिन्छ। त्यसैले भाषाको भौगोलिक तथा सामाजिक भेद (भाषिका) र प्रयोजनपरक भेद (शैलिका) का बिच निकै भिन्नता रहेको देखिन्छ।

भाषिक विधिका विभिन्न आयामले वक्ताको सामाजिक अवस्थालाई सङ्केत गर्छ। हालिडे (सन् १९७८) ले तीन प्रकारका भाषिक आयाम उल्लेख गरेका छन्- भाषिक कार्यक्षेत्र, भाषिक पद्धति र भाषिक कार्यदिशा वा अभिप्राय। हालिडेका अनुसार भाषिक सञ्चारको विषयवस्तु तथा प्रस्तावना भाषिक कार्यक्षेत्र हो। बोली वा लेखाइद्वारा सङ्केत गरिने सञ्चारको स्थानविशेषको अर्थ राख्छ भने त्यो भाषिक पद्धति हो। त्यसैगरी कार्यदिशाले सहभागिताहरूका बिचको सम्बन्ध पुष्टि गर्छ। 'किन' र 'केका लागि' भन्ने विषयको खोजी नै कार्यदिशा हो। 'कसरी' ले भाषिक पद्धतिलाई बोध गराउँछ र 'कसका लागि' भन्ने चाहिँ कार्यदिशा हो। यसरी हेर्दा प्रयोजनपरक भाषिक भेदमा त्रिआयामिक सम्बन्ध देखा पर्छ। हड्सन (सन् १९९६) ले भाषिकाको समानान्तर गतिमा प्रयोजनपरक भेदलाई राखेर पनि विश्लेषण गरेका छन्। तर पनि प्रयोजनपरक भाषाले जे कार्य गर्छ त्यो कार्य भाषिकाले गर्न सक्दैन। उनले प्रयोजनपरक भाषाका औपचारिक र अनौपचारिक गरी दुई भेद छुट्याउँदै दुवैका प्राविधिक भाषा र अप्राविधिक भाषा गरी दुई दुई भेद रहेको पनि उल्लेख गरेका छन् :

रेखाचित्र नं. १ : प्रयोजनपरक भाषिक भेदका प्रकार




उदाहरण

१. औपचारिक प्राविधिक – राज्यले केही सोडियम क्लोराइड प्राप्त गऱ्यो ।

२. औपचारिक अप्राविधिक – राज्यले केही नुन प्राप्त गऱ्यो ।

३. अनौपचारिक प्राविधिक – राज्यले केही सोडियम कलोराइड पायो ।

४. अनौपचारिक अप्राविधिक – राज्यले केही नुन पायो ।

माथिका वाक्य भाषिकागत भेदका उदाहरण नभएर प्रयोजनपरक भेदका उदाहरण हुन् ।

## प्राप्ति तथा छलफल

अध्ययनका निम्ति प्राप्त तथ्यलाई क्षेत्र, सहभागी तथा स्वरूपका आधारमा छलफल तथा विश्लेषण गरिएको छ ।

## विश्लेषण

भाषिक भेदका अनेक स्वरूपहरू मध्ये विषयगत भेदलाई प्रयोजनपरक भेद भनिन्छ । ज्ञान आर्जन गर्ने स्वरूपहरू अनेक हुने भएकाले त्यसलाई व्यक्त वा प्रकट गर्ने भाषामा विविधता रहन्छ । त्यही विविधताका आधारमा विषयगत/प्रयोजनपरक भेदहरू देखा पर्छन् । समाजमा एक अर्को बिच विचार विनिमय गर्ने क्रममा ज्ञानका अनेकौँ क्षेत्रहरूलाई आत्मसात् गरिन्छ । ती सम्पूर्ण क्षेत्रहरू कुनै न कुनै विषयसँग सम्बद्ध हुन्छन् । त्यसैले प्रयोजनपरक भाषिक भेदहरूमा पाइने विविधतालाई नै यहाँ अनुसन्धानको विषय बनाई विश्लेषण गरिएको छ । विज्ञान, साहित्य, राजनीति, कानुन, दर्शन, सञ्चार, इतिहास, भूगोल, चिकित्सा आदि विषय वा क्षेत्रमा प्रयोग गरिने भाषिक स्वरूपले विषयगत/प्रयोजनपरक भेदलाई छुट्याउने आधार तीन किसिमका रहेका छन् :

### (अ) क्षेत्र

भाषामा क्षेत्रले विषयलाई अङ्कित गरेको छ । भाषा प्रयोग कुन विषय वा क्षेत्रमा गरिन्छ त्यही आधारमा साहित्यिक, धार्मिक, प्रशासनिक, वैज्ञानिक, कानुनी दार्शनिक आदि भेदहरू हुन्छन् । यस आधारमा प्रयोजनपरक भेदमा देखिने क्षेत्रगत भाषाहरू निम्नलिखित रहेका छन् :

**(क) साहित्यिक भाषा**

नेपाली भाषाको विकसित क्षेत्र वा विषयका रूपमा साहित्य पनि देखापर्छ । साहित्यलाई सिर्जना र समालोचनाका दृष्टिलेसमेत व्याख्या गरिन्छ । सिर्जनात्मक साहित्यको भाषा आलङ्कारिक हुन्छ भने समालोचनात्मक साहित्यको भाषा वस्तुपरक हुन्छ ।

> औपदेशिकता पुराणको पण्डितमात्र हो, कलात्मक उच्चारण र त्यसको अन्तरक्रिया साहित्यको आत्मा र त्यसको ध्वनि हो । पहिलोमा ढुङ्गाका चिसा महादेव छन् जो बोल्दैनन् । दोस्रामा चन्द्रमा र आगो दुवै पाइन्छ ।
>
> (साहित्यमा शिवत्व : लक्ष्मीप्रसाद देवकोटा)

यो उदाहरणमा प्रयोग भएको भाषा, शब्द चयन, वाक्यको संरचनाको प्रयोगले भाषा विशिष्ट खालको देखिन्छ ।

**(ख) कानुनी भाषा**

अड्डा अदालतमा प्रयोग हुने तथा कानुन विषय पठनपाठनमा प्रयोग हुने भाषालाई कानुनी भाषा भनिन्छ । न्यायपालिकाको कार्य क्षेत्रभित्र प्रयोग हुने शब्दहरू वा ऐन, नियम, विनिमय आदिमा प्रयोग गरिने शब्दहरू कानुनी क्षेत्रका हुन् । पैरवी, फैसला, इजलास, मुचुल्का, दफा आदि शब्दहरू कानुनी भाषाको लेखन परम्परामा प्रचलित छन् । कानुनी भाषामा तत्सम र आगन्तुक शब्दहरूको बढी प्रयोग भएको देखिनुका साथै अरबी फारसी शब्दहरूको बढी प्रयोग पाइन्छ ।

माथिको उदाहरणमा कुन कुन तत्सम शब्द, कुन कुन आगन्तुक शब्द र कुन कुन उर्दूफारसी शब्द हुन्, प्रस्ट पार्नुपर्छ ।

कानुनी भाषामा शब्दमात्रै फरक नभई वाक्यको ढाँचामासमेत भिन्न पाइन्छ । लामा लामा वाक्य तथा मिश्र र संयुक्त वाक्यको बढी प्रयोग हुन्छ ।

> कुनै थुनुवा वा कैदीको मृत्यु भएमा सरकारी चिकित्सकलाई सम्झाई निजले सो कुरा प्रमाणित गरेमा सो बेहोराको र गर्नेको जायजातको तायदाती मुचुल्का लेखी सो बखत पालो पहरामा परेका पाले, सिपाही र थुनुवा कैदीहरूमा पाएसम्म चार जनामा नघटाई सो मुचुल्का साक्षी गराई मर्ने र थुनुवा वा कैदीको जायजात धरौटी स्याहामा आम्दानी बाँधी जुन अड्डा वा अदालत मार्फत थुनिएको वा कैद भएको हो सो अड्डा वा अदालतलाई र सो मर्ने थुनुवा वा कैदीको हकवालालाईसमेत जेलरले तोकिदिएबमोजिमको कुराको जनाउ दिनुपर्छ ।
>
> (दाहाल, २०६१, पृ. १२९)

यस उदाहरणमा थुनुवा, कैदी, जायजात, तायदाती मुचुल्का, स्याहा, अड्डा, अदालत, कैद लगायत कानुन क्षेत्रकै शब्द तथा शब्दावली प्रयोग भएका छन् । कानुनी भाषामा निज, सो जस्ता सार्वनामिक शब्द प्रयोग गरिएका हुन्छन् । उदाहरणमा दिइएको वाक्य निकै लामो छ । एउटा मात्र समापिका क्रिया प्रयोग भएको हुँदा यसलाई परम्परागत व्याकरणले सरल वाक्य मान्दछ तर यो एकीकृत मिश्र वाक्य हो । यस वाक्यभित्र अनेकौं सरल वाक्य मिसिएका छन् मिश्र वाक्यसहित मिलेर मिलित वाक्य बनेको छ । उक्त उदाहरणमा भएको वाक्यलाई निम्नलिखित छोटा छोटा वाक्यमा छुट्याउन सकिन्छ :

१. कुनै थुनुवा वा कैदीको मृत्यु भएमा सरकारी चिकित्सकलाई सम्झाउनुपर्छ ।
२. चिकित्सकले सो कुरा प्रमाणित गरेमा सो बेहोराको र गर्नेको जायजातको तायदाती मुचुल्का लेख्नुपर्छ ।

३. सो बखत पालो पहरामा परेका पाले, सिपाही र थुनुवा कैदीहरूमा पाएसम्म चार जनामा नघटाई सो मुचुल्का साक्षी गराउनुपर्छ ।

४. थुनुवा वा कैदीको जायजात धरौटी स्याहामा आम्दानी बाध्नुपर्छ ।

५. जुन अड्डामा वा अदालत मार्फत थुनिएको वा कैद भएको हो सो अड्डा वा अदालतलाई र सो मर्ने थुनुवा वा कैदीको हकवालालाईसमेत जेलरले तोकिएबमोजिमको कुराको जनाउ दिनुपर्छ ।

यसरी पाँचओटा वाक्यको एउटै लामो मिलित वाक्य बनेको छ । यस्ता लामा लामा वाक्य प्रयोग गर्नु कनुनी भाषाको विशेषता हो ।

**(ग) विज्ञान तथा प्रविधिको भाषा**

युगको परिवर्तन र औद्योगिक विकाससँगै विज्ञान र प्रविधिले निकै फड्को मारेको छ । भौतिक शास्त्र, रसायनशास्त्र, कम्प्युटर विज्ञान, इन्जिनियरिङ आदि क्षेत्रहरूमा पठनपाठन हुने भाषा विज्ञान र प्रविधिको भाषा हो । यस भाषामा कर्मवाच्य र भाववाच्यको प्रधानता रहेको रहेको हुन्छ । यसमा मानवीय छाप भने देखिँदैन । कृत्रिम भूउपग्रह, मानवयुक्त यान र विभिन्न अन्वेषक प्रोब सबै नै अन्तरिक्ष यान मानिन्छन् । (थापा, २०७६, पृ. १४)

माथिको उदाहरणमा अन्तरिक्ष यान, भूउपग्रह, प्रोब जस्ता विज्ञान र प्रविधिसित सम्बन्धित पारिभाषिक शब्दहरू प्रयोग भएका छन् ।

**(घ) प्रशासनिक भाषा**

विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था वा कार्यालयहरूमा प्रयोग हुने भाषा नै प्रशासनिक भाषा हो । प्रशासनिक भाषामा कानुनी भाषामा जस्तै केही उर्दू र फारसी शब्दहरूको प्रयोग हुने गरेको पाइन्छ । यो भाषा औपचारिक तथा मानक हुनुका साथै सूचनात्मक पनि हुन्छ । यस्तो भाषामा सामान्य लेखपढ गरेका सर्वसाधारण जनताले बुझ्ने शब्द र वाक्यहरू प्रयोग गरिएका हुन्छन् ।

> यस मन्त्रालयद्वारा सञ्चालन गरिएको शासकीय सुधारका लागि रणनैतिक सञ्चार आयोजना सम्बन्धी देहायको स्थान र समयमा कार्यशाला गोष्ठी गर्ने कार्यक्रम रहेको हुँदा तहाँबाट नीति निर्माण कार्यमा संलग्न सह-सचिव स्तरको प्रतिनिधि उपस्थितिका लागि निर्देशनअनुसार अनुरोध गर्दछु ।
>
> (सामान्य प्रशासन मन्त्रालयको पत्र, २०६५)

यो सामान्य प्रशासन मन्त्रालयद्वारा गृह मन्त्रालयलाई लेखिएको पत्र हो । यस उदाहरणमा सूचनात्मक शैली रहेको छ । यसमा प्रयुक्त भाषा सरल सामान्य पाठकले सजिलै बुझ्न सक्ने रहेको छ ।

**(ङ) समाचारको भाषा**

विभिन्न देश वा स्थानहरूमा घटेका घटना परिघटना, काम कारबाहीहरू सर्वसाधारणसम्म पुऱ्याउनका लागि समाचार बनाई त्यसको लेखन र वाचन गरिन्छ त्यो नै समाचारको भाषा हो । समाचारको भाषा सूत्रात्मक र सूचनात्मक हुने देखिन्छ । भाषा सरल भएकाले सबैका निम्ति सुबोध्य हुन्छ तर पदविन्यास त्यति मिलाइएको हुँदैन । कामचलाउ भाषा प्रयोग गरिएको हुन्छ । समाचारपत्रको सम्पादकीयमा भएको भाषा समाचारका भाषाभन्दा तुलनात्मक रूपमा क्लिष्ट र लामा लामा वाक्य हुन्छन् । सम्पादकीय लेखन विश्लेषणात्मक र विचारात्मक हुन्छ भने समाचार लेखनमा विवरणात्मक भाषाको प्रयोग हुन्छ । जस्तै :

सय बढीले लिए अपाङ्गता परिचयपत्र

ललितपुर, भदौ ३ गते । ललितपुर महानगरपालिकाबाट एक महिनामा १ सय १२ अपाङ्गता भएका व्यक्तिले अपाङ्गता परिचयपत्र लिएका छन् । महानगरपालिकाले सो योजना अघि बढाएको एक महिना अवधिभरमा ५२ महिला र ६० पुरुषले सो परिचयपत्र लिएका हुन् ।

गत असार २५ गतेदेखि सो योजना अघि बढाइएको महानगरपालिकाको महिला विकास शाखा प्रमुख अधिकृत महेश्वरी विष्टले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “महानगरबाट पूर्ण अपाङ्गतामा ११ महिला र २२ पुरुष, अति अशक्तमा २९ महिला र ३१ पुरुष, मध्यम अपाङ्गतामा १२ महिला र छ पुरुष तथा साधारण अपाङ्गतामा एक पुरुषले मात्र परिचयपत्र लिनुभएको छ ।” महानगरले सो परिचयपत्र वितरण गरेपछि अपाङ्गता भएका व्यक्तिको चाप बढेको बताइएको छ ।

(गोरखापत्र, भदौ ३, २०७७)

यो समाचार लेखनको उदाहरण भएकाले सरल तथा विवरणात्मक रहेको छ ।

**(च) राजनीतिको भाषा**

राजनीतिक क्षेत्रमा प्रयोग गरिने भाषालाई राजनीतिको भाषा भनिन्छ । यो देशको सत्ता, देशमा राजनीतिक परिवर्तनका लागि भएका विभिन्न आन्दोलन तथा क्रान्तिले जन्माउने भाषा हो । यस क्रममा त्यसलाई परिभाषित गर्न प्रतिनिधित्व गर्ने शब्द गणतन्त्र, पुँजीवाद, साम्यवाद, क्रान्ति, दक्षिणपन्थी, वामपन्थी, समाजवाद आदि हुन् । यी शब्दहरू अन्य विषय र क्षेत्रमा प्रचलनमा आउँदैनन् । जस्तै :

> अहिले मुलुकमा शासकहरूकै कमीकमजोरीका कारण एउटा कहालीलाग्दो इतिहास निर्माण हुन पुगेको छ । आवरणमा हेर्ने हो भने नेपाल २००७ सालदेखि निरन्तर चलिरहेको प्रजातान्त्रिक मुलुक हो । नेपालको प्रजातन्त्रले बालिग मताधिकार, पक्षपातविहीन निर्वाचन, स्वतन्त्र न्यायपालिका, बहुदलीय व्यवस्था, स्वतन्त्र प्रेस आदि विषयलाई एउटा निश्चित आधार प्रदान गरेको छ ।
>
> (राजभण्डारी, २०६१, पृ. ७)

यस उदाहरणमा प्रजातन्त्र, बालिग मताधिकार, पक्षपातविहीन निर्वाचन, स्वतन्त्र न्यायपालिका, बहुदलीय व्यवस्था, स्वतन्त्र प्रेस, आदि शब्दहरूको प्रयोगले यसको प्रयोजन राजनीति नै रहेको देखिन्छ ।

**(छ) दर्शनसम्बन्धी भाषा**

कुनै दर्शनको तथ्यलाई उजागर गर्नका निमित्त प्रयोग गरिने भाषालाई नै दर्शनसम्बन्धी भाषा भनिन्छ । पूर्वीय र पाश्चात्य समाजमा यस प्रकारको भाषा धेरै प्रयोगमा आएको पाइन्छ । यस भाषिक शैलीको प्रयोग सामान्य पाठकले बुझ्न कठिन हुन्छ । ठुला दार्शनिक एवं विद्वान्ले मात्र प्रयोग गर्छन् र तिनैले मात्र बुझ्छन् । दार्शनिक भाषा जटिल हुने हुनाले यसमा बढी तार्किकता हुन्छ । द्वैतवाद, अद्वैतवाद, ब्रह्म, आत्मा, तन्मात्रा आदि दार्शनिक पक्षसँग जोडिने शब्द तथा शब्दावली प्रयोग गरिएका हुन्छन् । जस्तै :

> मीमांसा दर्शनमा द्वन्द्ववादी चिन्तनको कुनै नयाँ अभिप्रेरणा वा व्याख्या त्यति पाइँदैन । अनुमान तथा तर्क वितर्कद्वारा कुनै विषयको मूल तत्त्वसम्म पुग्ने पद्धति र त्यसका लागि गरिने चिन्तन, मनन र बहससम्मको कर्मलाई मीमांसा भनिन्छ ।
>
> (आचार्य, २०७६, पृ. १६३)

माथिको अनुच्छेदमा द्वन्द्ववादी चिन्तन लगायतका शब्दवलीहरूको प्रयोग गरी दर्शनको व्याख्या गरिएको छ ।

**(ज) व्यापार तथा वाणिज्य क्षेत्रको भाषा**

उद्योग, कलकारखाना, व्यापार आदि क्षेत्रमा गरिने आन्तरिक र बाह्य व्यवहारका सन्दर्भमा प्रयोग हुने भाषा नै व्यापार वाणिज्यसम्बन्धी भाषा हो । वाणिज्य क्षेत्रमा प्रयोग हुने भाषामा आफ्नै शब्दहरू रहेकाले यस भाषाका छुट्टै पारिभाषिक शब्दावली छन् ।

> व्यापारीहरूले व्यावसाय अभिवृद्धिका निम्ति सामानको गुणस्तरीयताको सूचना उपभोक्तासमक्ष पुऱ्याउन श्रव्यपाठ्य सामाग्री उत्पादन गरी विज्ञापन तयार

> गर्दछन् । सामानको आयात, निर्यात, निकासी, पैठारी आदिबाट मुनाफा आर्जन गर्न तिनीहरू लालायित हुन्छन् ।          (निरौला, २०६७, पृ. ११७)

माथिका उदाहरणमा प्रयोग भएका मुनाफा, आम्दानी, आयात, निर्यात, पैठारी, निकासी आदि वाणिज्य क्षेत्रमा प्रयोग हुन् शब्दावली हुन् । विज्ञापनमा प्रयुक्त नेपाली भाषालाई पनि वाणिज्य भेदअन्तर्गत राखिएको छ ।

**(झ)  खेलकुद क्षेत्रमा प्रयोग हुने भाषा**

खेल जगत्का कार्य सम्पादन एवं खेलका क्रममा प्रयोग गरिने भाषा नै खेलकुदसम्बन्धी  भाषा हो । खेलकुद क्षेत्रमा प्रयोग हुने भाषा अन्य क्षेत्रको भाषाभन्दा भिन्न देखिएको छ त्यसैले यस क्षेत्रको भाषालाई पनि अलग्गै भेद मान्न सकिन्छ । गोल, विकेट, सर्भिस, रेफ्री आदि यस क्षेत्रमा प्रयोग हुने शब्दहरू हुन् ।

> नेपाली लेग स्पिनर सन्दीप लामिछानेको जमैका तलाबाजले बुधबार क्यारेबियन प्रिमियर लिग (सीपीएल) मा विजयी सुरुवात गरेको छ । उसले सेन्ट लुसिया जुक्सलाई ५ विकेटले पराजित गरेको हो । तलाबाजले जितका लागि १ सय ५९ रनको लक्ष्य पाएकोमा त्यसलाई ५ विकेट गुमाएर १८.५ ओभरमा पूरा गरेको थियो । यसअघि जुक्सले २० ओभरमा ७ विकेट गुमाएर १ स्य ५८ रन बनाएको थियो ।
>
> (कान्तिपुर, २०७७, पृ. ११)

यस उदाहरणमा क्रिकेट खेलमा प्रयोग हुने लेग स्पिनर, विकेट, रन, ओभर, तार्गेट जस्ता शब्दावली प्रयोग भएका छन् । यस प्रकारका भारिभाषिक शब्दावलीहरू खेलपिच्छे फरक फरक हुन्छन् ।

(ञ) कृषि क्षेत्रमा प्रयोग हुने भाषा

कृषि क्षेत्रमा वा कृषि प्रयोजनका निम्ति बोलिने वा यस क्षेत्रलाई बुझाउने शब्दहरू नै कृषिसम्बन्धी प्रयोजनपरक भाषा हो । कोसेबाली, नगदेबाली, प्राङ्गरिक मल, जैविक मल, कृषक, खाद्यान्न, फोसफोरस, पोषण तत्त्व जस्ता शब्दको प्रयोगद्वारा कृषि सम्बन्धी भाषा भनेर चिन्न सकिन्छ । जस्तै :

> अत्यधिक मात्रामा रासायनिक मल, कीटनाशक विषादीको प्रयोग, जीएमओजले एकातिर माटोको उर्वराशक्तिलाई घटाउँदै गएको छ भने अर्कातिर किसानको लागत खर्च पनि उत्तिकै बढ्दो छ  (देवकोटा, २०७८, फागुन ९) ।

यहाँ प्रयुक्त रासायनिक मल, कीटनाशक विषादी, उर्वराशक्ति आदि कृषि क्षेत्रमा प्रयोग हुने पारिभाषिक शब्दावली हुन् ।

**(ट)  दैनिक व्यवहारको भाषा**

सम्पूर्ण मानव समुदायले आआफ्नो ठाउँमा बिहान उठेदेखि बेलुका सुतुन्जेलसम्म दैनिक व्यवहारमा प्रयोग हुने जुन भाषा छ त्यसलाई नै दैनिक व्यवहारको भाषा भनिन्छ । यो भाषा अनौपचारिक हुन्छ र अन्य क्षेत्रमा प्रयोग हुने भन्दा सरल हुन्छ । जस्तै :

> म प्रातकालमा उठी नित्यकर्म सकेर आफ्नो अध्ययनलाई अगाडि बढाउने गर्दछु ।
>
> (लेखकको प्रस्तुति)

यस वाक्यमा दैनिक व्यवहारमा गरिने कार्यको केही अंश प्रस्तुत गरिएको छ । यसमा अन्य भेदको जस्तो जटिल पनि हुँदैन र पारिभाषिक शब्दावली प्रयोग पनि हुँदैन ।

**(आ)  सहभागी**

भाषा प्रयोगमा एक व्यक्तिले अर्को व्यक्तिसँग प्रत्यक्ष कुराकानी गर्दै छ भने यस्तो अवस्थामा प्रयोग हुने भाषालाई सहभागी भेद भनिन्छ । यसमा निश्चित व्यक्ति रहने प्रावधान हुन्छ । यस  भेदअन्तर्गत डाक्टर

र बिरामी, शिक्षक र विद्यार्थी, हाकिम र कर्मचारी आदि बिच प्रयोग हुने भाषिक भेद पर्दछन् । यस उदाहरणका सहभागितामा प्रयोग हुने भाषा एक आपसमा मिल्दैन । यस क्रममा औपचारिक र अनौपचारिक भेद देखा पर्छ । औपचारिक भाषाको भेद समाजको परिस्थिति वा समाजअनुरूपको हुने गर्दछ । यसको प्रयोग प्रवचन, अध्यापन, समारोह आदिमा रहन्छ भने अनौपचारिक भाषिक भेदको प्रयोगमा वक्ता र श्रोता दुवैले कुनै पनि सामाजिक परिस्थितिको बन्धनमा नपरी स्वतन्त्र ढङ्गले भाषिक प्रयोग गर्दछन् ।

**(इ) प्रकारगत वा माध्यमगत भेद**

भाषामा रहने प्रकारगत आधारलाई माध्यमगत भेद पनि भन्ने गरेको पाइन्छ । यस आधारमा दुई प्रकारका भाषिक भेद हुन्छन् ।

**(क) मौखिक**

बोलीका माध्यमबाट प्रयोग गरिने कथ्य भाषालाई मौखिक भाषा भनिन्छ । यो भाषा क्षणिक हुन्छ भन्नाले यसमा समयको सीमा रहन्छ । यस भाषाका लागि वक्ता र श्रोता रहन्छन् भने श्रोताको अनिवार्य उपस्थिति आवश्यक हुन्छ । जस्तै :

सरला : अहो ! साथीहरूले त निकै घतलाग्दा कुरा पो गर्न लागे त । मेरो मनमा पनि एउटा योजना थियो । साथीहरूका कुरा सुन्दा त मेरो पनि योजनाका कुरा सुनाऊँ जस्तो लाग्यो ।

राजन : सुनाऊ न त । कस्तो छ तिम्रो योजना (राजन मुसुक्क हाँस्छ) ।

सरला : हैन, मेरो विचारमा देशमा उद्योग, कलकारखाना राम्रोसँग विकास नहुनाले हाम्रा नेपाली दाजुभाइ सबै बिदेसिन बाध्य छन् । यही देशमा पर्याप्त मात्रामा उद्योग, कलकारखाना भए कोही पनि विदेश जानु पर्दैनथ्यो, हैन र ? (स्रोत : जनबोली)

यस उदाहरणमा वक्ता र श्रोता आमने सामने रही क्षणिक पलमा भएको वार्तालाप प्रस्तुत भएको छ । संवादात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत यो भेद लेखकको मौलिक प्रस्तुति हो ।

**(ख) लिखित**

लेखनका माध्यमबाट प्रयोग गरिने भाषालाई लिखित भाषा वा लेख्य भाषा भनिन्छ । यस भाषामा कुनै पनि समय सीमा रहेको हुँदैन । यो भाषा प्रयोगका निम्ति लेखक र पाठक प्रत्यक्ष उपस्थित हुनुपर्ने अनिवार्यता रहँदैन तर पनि यसमा लेखक र पाठकको आवश्यकता रहन्छ । घरायसी चिठीपत्र यसको उदाहरणका रूपमा लिन सकिन्छ ।

**नेपाली भाषाका प्रकार्यपरक भेदका विशेषता**

भाषिक स्वरूपका आधारमा क्षेत्रीय भाषिका र सामाजिक भाषिकाबाट प्रयोजनपरक भाषिक भेद छुट्टिन्छन् । भाषिकाका ध्वनिगत र अर्थगत विशेषता हुन्छन् भने प्रयोजनपरक भेदका विशेषता शब्द र शैलीका आधारमा निरूपण हुन्छन् । जुन क्षेत्रको प्रयोजनका लागि भाषा प्रयोग गरिन्छ त्यसै क्षेत्रसँग सम्बन्धित पारिभाषिक प्राविधिक शब्दावली प्रयोगका आधारमा यो कुन क्षेत्रको प्रयोजनपरक भाषा हो भन्ने प्रस्ट हुन्छ । संसारका सबै भाषामा प्रयोजनपरक भेद हुन्छन् तर कुन भाषामा कति भेद छन् भनेर निर्क्योल गर्न त्यही भाषाको अध्ययन गर्नुपर्ने विद्वान्हरूको भनाइ छ । प्रयोगको विषय र व्यवसायले प्रयोजनपरक भेदलाई परिभाषित गर्ने दाहाल (२०६१) ले उल्लेख गरेका छन् । नेपाली भाषाको प्रयोजनपरक भेदका आफ्नै विशेषता छन् ।

## (क) शब्द एवम् शैलीमा विशिष्टता

भाषाको प्रयोजनपरक भेदका आफ्नै विशिष्ट शब्द शब्दावली तथा विशिष्ट शैली हुन्छ । विज्ञान तथा प्रविधिका क्षेत्रमा प्रयोग गरिने भाषामा त्यसै भाषासँग सम्बन्धित विशिष्ट पारिभाषिक शब्दावली हुन्छन् । नेपालीमा उच्च तहको वैज्ञानिक प्रयोजनपरक भेद विकसित भएको छ । भाषाको यस भेदमा विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, चिकित्सा, वनविज्ञान, कृषि तथा पशुपालन आदि क्षेत्रमा प्रयोग हुने विशिष्ट प्राविधिक शब्दवली तथा कानुन, व्यापार तथा वाणिज्य, अर्थशास्त्र, राजनीतिशास्त्र, इतिहास, भूगोल, भाषाविज्ञान, साहित्य आदि क्षेत्रमा प्रयोग हुने विशिष्ट पारिभाषिक शब्दावलीले तत् तत् क्षेत्रका भाषिक शैलीलाई विशिष्ट नै बनाइदिएका हुन्छन् ।

## (ख) मिश्रित भाषाको प्रयोग

यस क्षेत्रमा प्रयोग हुने प्राविधिक शब्दावली अधिकांशतः संस्कृत भाषाबाट ल्याइएका छन् । कतिपय शब्दावली अङ्ग्रेजी तथा अरबीबाट पनि आयातित छन् । नेपाली भाषाका आफ्नै मौलिक पारिभाषिक शब्दवली छैनन् । रसायनशास्त्र, भौतिकशास्त्र, चिकित्साशास्त्र आदि संस्कृत भाषाबाट लिइएका पारिभाषिक शब्दावली हुन् । यी विषय क्षेत्रभित्र प्रवेश गर्दा अनेक प्राविधिक शब्दावलीहरू फेला पार्न सकिन्छ । तर ती प्राविधिक शब्दावली चाहिँ अङ्ग्रेजीबाट ल्याइएका छन् : क्लोरिन, क्लोराइड, सल्फरिक एसिड आदि । विभिन्न रोगका नाम पनि अहिले अङ्ग्रेजीबाटै आयातित शब्दबाट चिन्ने गरिन्छ- मलेरिया, इबोला, स्वाइन फ्लु, बर्डफ्लु, कोरोना, कोभिड आदि । त्यस्तैगरी इन्जिनियरिङ क्षेत्रका शब्द तथा शब्दावली पनि अङ्ग्रेजी भाषाबाटै आएका देखिन्छन् । एउटा उदाहरण हेरौँ :

> इलेक्ट्रिकल पावर इन्जिनियरिङमा अन्तर्राष्ट्रिय स्तरको स्नातकोत्तर कार्यक्रम सञ्चालन गर्न नोराडले गरेको आर्थिक सहयोगबाट सन् २००५ को डिसेम्बरमा हाई भोल्टेज ल्याबको स्थापना भएको थियो (थापा, २०७६, पृ. ९६) ।

यस उदाहरणमा इलेक्ट्रिकल पावर इन्जिनियरिङ, हाई भोल्टेज ल्याब आदि पारिभाषिक शब्दावली प्रयोगमा छन् । आगन्तुक शब्दको अत्यधिक प्रयोगले प्रयोजनपरक भाषालाई मिश्रित (पिजिन) भाषा पनि भन्नेहरू छन् । वाक्यात्मक सन्दर्भमा केवल प्राविधिक शब्दहरू आगन्तुक हुँदैमा त्यस्तो भाषिक भेदलाई पिजिन भन्न नहुने दाहाल (२०६१, पृ. २१९) को भनाइ छ ।

## (ग) व्याकरणमा विशिष्टता

प्रयोजनपरक भाषामा अधिकांश क्रियापद कर्मवाच्यमा राखिन्छ । कुनै विषयको वर्णन गर्दा कर्ताको खाँचो पर्दैन र क्रियापद पनि कर्तृवाच्यमा राखिँदैन । कर्ताको आवश्यकता नपर्ने हुनाले कर्मवाच्यकै क्रियापद राख्ने गरिएको हो । 'म', 'तिमी', 'ऊ' आदि सर्वनाम अत्यन्तै सीमित रूपमा प्रयोग गरिन्छ । आदर तटस्थ रहन्छ । धेरेजसो मिश्र र संयुक्त वाक्य प्रयोग गरिने हुनाले वाक्या लामा लामा हुन्छन् । सरल वाक्य प्रयोग भए पनि विशेषण शब्दावली प्रयोगका कारण ती वाक्य लामा नै हुन्छन् । लामा वाक्य प्रयोगले सुनाइमा बाधा हुनसक्ने र अबोध्यता बढी हुन सक्ने सम्भावनाका कारण कथ्य भेदमा चाहिँ छोटा छोटा वाक्य प्रयोग गरिन्छन् । यसको तात्पर्य प्रयोजनपरक भाषाका लेख्य र कथ्य दुवै भेद हुन सक्छन् । कथ्य भेदको बिच बिचमा थेगो पनि घुसाइन्छ र वाक्यको अपूर्णता, बलाघात, सुर आदिको प्रतिनिधित्व पनि रहनसक्छ ।

## (घ) सङ्क्षेपीकृत रूपको प्रयोग

सङ्क्षेपीकृत रूपको प्रयोग प्रयोजनपरक भाषिक भेदको अर्को विशेषता हो । क्रियापद लोप, थोप्लो दिएर सङ्क्षिप्त रूप लेख्नु, सङ्क्षिप्त रूपमा थोप्लो नदिई तिनलाई जोडेर शब्द बनाई प्रयोग गर्नु

यसका उदाहरण हुन् । जस्तैः अनुसन्धान र विकास, नेपाल नर्वे शैक्षिक सहकार्य आदि पाठका शीर्षकमा क्रियापद प्रयोग गरिएका छैनन् । क्रियापद प्रयोग गर्दा शीर्षकमा भएका शब्दावली भद्दा देखिन्छन् । कतिपय शब्दलाई सङ्क्षिप्त बनाउँदा वर्ण वा अक्षरका दायाँतिर थोप्लो दिने चलन छ, जस्तैः त्रि.वि., ज.शि.सा.के., प्र.जि.अ., गा.पा., न.पा आदि । पछिल्लो समयमा यस्ता सङ्क्षिप्त शब्दावलीका दायाँपटि थोप्लो नदिई लेख्ने प्रचलन पनि विकास भएको छ । कुनै राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थाका लामा लामा नामलाई सङ्क्षिप्त बनाएर शब्दका रूपमा प्रयोग गर्ने प्रचलन पनि छ । जस्तैः नाइडा, जाइका, युनेस्को, इसिमोड, पनिका, गोप, रासस, सिन्हवा, एपी, एपिए आदि । भाषाको प्रयोजनपरक भेदमा उपर्युक्त ढाँचाका सङ्क्षिप्त रूप तथा रूपावली पनि प्रयोग गरिन्छ ।

**(ङ) सामान्य शब्दलाई विशेष अर्थमा प्रयोग**

कतिपय प्राविधिक पारिभाषिक शब्दावली एकभन्दा बढी अर्थमा प्रयोग भइरहेका हुन्छन् । सामान्य अर्थ प्रयोजनका लागि प्रयोग गरिने शब्द विशेष अर्थमा पनि प्रयोग हुन्छन् । जस्तै रस शब्द तरकारीको रस, फलफूको रस आदि सामान्य अर्थमा पनि प्रयोग गरिन्छ तर आयुर्वेदमा रस भनेको कुनै धातु भस्म पारेर बनाइएको औषधिका रूपमा र साहित्यमा नवरस भनेर भिन्नै अर्थमा प्रयोग हुन्छ । यस्ता एकभन्दा बढी क्षेत्रमा र सामान्य अर्थमा प्रयोग हुने शब्द अर्ध पारिभाषिक वा अर्ध प्राविधिक शब्द हुन् (बन्धु, २०६४) । विज्ञान, गणित, इन्जिनियरिङ, चिकित्सा जस्ता विषयमा प्रयोग हुने प्रयोजनपरक भाषामा प्रयुक्त शब्दको अर्थमा उदारता हुँदैन । जुन अर्थका लागि प्रयोग भएका शब्द हुन् त्यस अर्थभन्दा दायाँबायाँ अर्थ लाग्दैन ।

## निष्कर्ष

भाषाको प्रयोजनपरक भेदलाई प्रकार्यपरक भेद भनी चर्चा गर्ने गरेको पनि पाइन्छ । विविध प्रयोग क्षेत्रमा प्रस्तुत गरिने हुनाले प्रयोग क्षेत्र, सहभागी तथा मौखिक-लिखित आदिका आधारमा यसका अनेक भेद देखापरेका छन् । उच्चस्तरीय ज्ञानविज्ञानका निम्ति ज्ञानार्जन र अभिव्यक्तिको माध्यम नभइरहेको अवस्थामा प्रयोजनपरक नेपाली भाषाको भाषिक भेदको महत्त्व निकै रहेको छ । भाषाको प्रयोजनपरक भेद मूलतः शिक्षणसँग सम्बन्धित भएकाले यस क्षेत्रमा भाषाको प्रकार्यपरक भेदको आवश्यकता अझ टड्कारो देखिन्छ । सामान्य नेपाली जानेकै भरमा विषयगत भाषिक सिप विकास हुन सक्दैन । प्रयोजनपरक भाषामा प्रयोग हुने विशिष्ट प्राविधिक पारिभाषिक शब्दावली, वाक्य गठन र अभिव्यक्ति शैली विशेष किसिमको हुने हुनाले यसलाई बुझ्न र सही ढङ्गले प्रयोग गर्ने सिप विकासमा शिक्षार्थीलाई अभ्यासमूलक शिक्षा दिनु उपयुक्त हुन्छ । विभिन्न क्षेत्रमा बढ्दो आधुनिकीकरण र भूमण्डलीकरणका परिप्रेक्ष्यमा ज्ञान, विज्ञान र प्रविधिको क्षेत्र विस्तार हुँदै गइरहेको छ । सबै नेपालीको साझा सम्पर्क भाषाका रूपमा विकसित नेपाली भाषालाई आधुनिक ज्ञानविज्ञानका विषयका सबै फाँटमा समर्थवान् तुल्याउनका निम्ति प्रयोगको विषय क्षेत्रसँग सम्बन्धित प्राविधिक पारिभाषिक शब्दावलीको ज्ञानले व्यक्तिको शब्दभण्डारमा अभिवृद्धि हुनुका साथै भाषिक प्रयोगमा विशिष्टता आउँछ । यसको प्रयोग क्षेत्र र सहभागीका दृष्टिले देखापरेको अनेक भेदसँग भाषिक प्रयोक्ता परिचित हुनु जरुरी छ । यसको जानकारीका लागि विश्वविद्यालय स्तरको पाठ्यक्रममा मात्र नभएर विद्यालय तहदेखि नै यसको ज्ञान गराउँदै लैजानु उपयुक्त हुन्छ । मानविकी तथा सामाजिक शास्त्र, व्यवस्थापन, कानुन, विज्ञान तथा प्रविधि, वन, सञ्चार, चिकित्सा, इन्जिनियरिङ आदि विभिन्न विषय र क्षेत्रमा प्रयुक्त नेपाली भाषाको अध्ययन र ज्ञानका साथै प्रयोग क्षमता अभिवृद्धि हुनु आवश्यक देखिएको छ ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०६२). *सामाजिक र प्रायोगिक भाषाविज्ञान.* ते.सं. रत्न पुस्तक भण्डार ।

आचार्य, नारायणप्रसाद. (२०७६). *द्वन्द्ववाद र पौरस्त्य दर्शन.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कान्तिपुर दैनिक (कात्तिक ८, २०७७) ।

गोरखापत्र (भदौ ३, २०७७) ।

थापा, भोला. (२०७६). *इन्जिनियरिङ शिक्षाका इन्जिनियर.* श्रीमती समा थापा ।

दाहाल, बल्लभमणि. (२०६१). *प्रयोजनपरक नेपाली. डा. बल्लभमणि दाहालका भाषिक चिन्तन* (सम्पा. गोविन्दराज भट्टराई र खगेन्द्रप्रसाद लुइटेल). रत्न पुस्तक भण्डार ।

देवकोटा, लक्ष्मीप्रसाद. (२०३९). *दाडिमको रुखनेर.* (सम्पा. राजेन्द्र सुवेदी). साझा प्रकाशन ।

देवकोटा, शिल्पा. (२०७८, फागुन ९). *कसरी गर्ने जैविक रूपमा खाद्य व्यवस्थापन.* सेतोपाटी, डिजिटल पत्रिका ।

निरौला, यज्ञेश्वर. (२०६७). *उच्चमाध्यमिक अनिवार्य नेपाली.* आठराई प्रकाशन प्रा. लि. ।

बन्धु, चूडामणि. (२०६४). *प्राविधिक पारिभाषिक शब्दावली.* रश्मि. २३(१), पृ.१७-३६ ।

राजभण्डारी, भुवनराज. (२०६१). *प्रजातन्त्र.* उन्मेष, (८), पृ. ७ ।

सामान्य प्रशासन मन्त्रालय. (२०५०). स्थानीय विकास मन्त्रालयलाई लेखिएको पत्र ।

Cheshire, J. (1992). *Register and Style*. IEL 3: 324-6.

Fishman, J. (1971). *Sociolinguistics: A Brief Introduction*. Newbury House.

Gregory, M. (1967). Aspect of Varieties Differentiation. *Journal of Linguistics*, 3: 177-197.

Halliday, M. (1978). *Language as Social Semiotic*. Arnold.

Holmes, J. (2013). *An Introduction to Sociolinguistics*. 3rd ed. Pearson longman.

Hudson, R.A. (1996). *Sociolinguistics*. 2nd ed. Cambridge University Press.

Joos, M. (1961). *The five clocks,* Harcourt.

Murrey, N. (2012). *Writing Essays in English Language and Linguistics : Principle, Tips and Strategies for Undergraduates*. Cambridge University Press.

Polskaya, S. (2011). *Differentiating between Various Catagories of Special Vocabulary (on the material of a Professional Speech of English Speaking Stock Exchange Brokers) In Rata Georgeta (ed.)*. Cambridge Scholars Publishing.

Trudgill, P. (1992). *Introducing Language and Society*. Harmondsworth: Penguin.

Yule, G. (1996). *The study of language*. Cambridge University Press.